धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक   जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily
राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १०१ ◆ २०८३ कात्तिक १० मंगलबार ◆ Tuesday, October 27, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

# लालपुर्जा राजनीतिक आश्वासन होइन, भूमिहीनको अधिकार हो : मन्त्री रावल

❑ *प्रत्यूष समाचारदाता*

चितवन। भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले भूमिहीन दलित, सुकुमवासी तथा अव्यवस्थित बसोबासीले लालपुर्जा पाउनु राजनीतिक आश्वासन नभई उनीहरूको अधिकार भएको बताउनुभएको छ।

भूमिहीन, सुकुमवासी तथा अव्यवस्थित बसोबासीका समस्या र लालपुर्जा वितरण प्रक्रियाबारे छलफल गर्न तथा उनीहरूका गुनासा सुन्न चितवन आउनुभएकी मन्त्री रावलले सोमबार भरतपुर महानगरपालिका-११, गणेशस्थानमा स्थानीयसँग छलफल गर्दै विगतमा लालपुर्जा वितरणको विषयलाई राजनीतिक लाभका लागि प्रयोग गरिएको उल्लेख गर्नुभयो। सो क्रममा बोल्नुहुँदै उहाँले भन्नुभयो, "लालपुर्जा र राजनीतिलाई सँगै जोड्नु हुँदैन। तपाईंहरूले लालपुर्जा पाउनुपर्छ, त्यो तपाईंहरूको अधिकारको कुरा हो।" मन्त्री रावलले भूमिहीन तथा सुकुमवासीलाई लालपुर्जा वितरणमा रहेका नीतिगत बाधा सरकारले अध्यादेशमार्फत हटाइसकेको उल्लेख गर्दै अब प्रक्रिया छिटो अघि बढाउन स्थानीय तह र भूमि समस्या समाधान सम्बन्धी समिति लाई आग्रह गर्नुभयो।

उहाँले भन्नुभयो, "अब नीतिले तपाईंहरूको हकमा लालपुर्जा दिन रोक्दैन, अब नियतको कुरा हो। स्थानीय तहले प्रक्रिया छिटो अघि बढाउनुपर्छ र भूमि समितिले काम शीघ्र टुङ्ग्याउनुपर्छ।" मन्त्री रावलले लालपुर्जा वितरणमा



भएको ढिलाइका कारण भूमिहीन तथा सुकुमवासीले लामो समयदेखि दुःख भोग्नुपरेको बताउँदै उनीहरूलाई छिटोभन्दा छिटो लालपुर्जा उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो। उक्त छलफलका क्रममा स्थानीयले आफ्ना समस्या तथा गुनासा मन्त्रीसमक्ष राखेका थिए। सरकारले आफूहरूका समस्या समाधानका लागि पहल थालेको भन्दै उनीहरूले मन्त्री रावलप्रति आभार व्यक्त गरेका थिए। मन्त्री रावलले चितवनका सबै स्थानीय तहमा पुगेर भूमिहीन, सुकुमवासी तथा अव्यवस्थित बसोबासीका समस्या र गुनासा सुन्ने कार्यक्रम रहेको छ। सोही अवसरमा कुराकानी गर्नुहुँदै उहाँले स्थानीयका समस्या सुनी समाधानका लागि सम्बन्धित सरोकारवालासँग छलफल गरी तत्कालै समस्या समाधानका गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

## पूर्व राष्ट्रपति भण्डारी स्वदेश फिर्ता

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ। पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी चीनको हपवे प्रदेशको स्योङआनमा आयोजना भएको 'ग्लोबल गभर्नेन्स् फोरम'मा सहभागी भएर सोमबार स्वदेश फर्कनुभएको छ।

स्वदेश फर्कने क्रममा अन्तराष्ट्रिय त्रिभुवन विमानस्थलमा पत्रकारसँग कुरा गर्दै आफू सम्मेलनमा भाग लिएर फर्किएको जानकारी दिनुभयो। 'परिवर्तनशील विश्वमा विश्वास र सहकार्यको पुनःनिर्माण' विषय रहेको उक्त ग्लोबल गभर्नेन्स सम्मेलन यही अक्टोबर २३ देखि २५ सम्म आयोजना भएको थियो। उक्त सम्मेलनलाई पूर्वराष्ट्रपति भण्डारीले विशिष्ट अतिथिका रूपमा सम्बोधन गर्नुभएको थियो। उक्त सम्मेलन अन्तर्गत अक्टोबर २४ र २५ मा विभिन्न विषयमा समानान्तर सत्र, प्यानल छलफल र गोलमेच बैठक पनि भएको थियो। फोरममा संयुक्त राष्ट्रसङ्घ केन्द्रित अन्तराष्ट्रिय प्रणालीको संरक्षण, विश्व शान्ति र शान्ति स्थापनाकार्यमा आवश्यक पर्ने सुधार, बहुपक्षीयताको प्रवर्द्धन, अन्तराष्ट्रिय सम्बन्धमा विकासशील मुलुकको बढ्दो भूमिका तथा अन्तरराष्ट्रिय व्यापारमा 'ग्लोबल साउथ' का मुलुकको भूमिका लगायत विषयमा छलफल भएको थियो।

सो सम्मेलनमा जलवायु परिवर्तन र यसको असर, हरित अर्थतन्त्र तथा न्यून कार्बन विकास, दिगो विकास, कृत्रिम बौद्धिकता र साइबर स्पेसलगायत विषयमा पनि बहस भएको थियो।

## भन्सार छली ल्याइएका गर गहनासहित चार जना पक्राउ

बागमती। मकवानपुर प्रहरीले भन्सार छलि गरी ल्याइएका चाँदीका विभिन्न किसिमका गरगहना तथा सिक्कासहित चार जनालाई पक्राउ गरेको छ।

हेटौँडा उप महानगर पालिका-१५ स्थित रातोमाटे चेकप्वाइन्टमा जाँच गर्ने क्रममा बा ३ च ७०७९ नम्बरको कारको डिक्कीभित्र फल्स बटम बनाइ लुकाइछिपाइ ल्याइएका गरगहना तथा सिक्कासहित उनीहरुलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख श्यामबहादुर खत्रीले जानकारी दिनुभयो। बरामद गरिएका गहना र सिक्काको बजार मूल्य करिब रु ४० लाख ६९ हजार ६६१ बराबरको जनाइएको छ। ती गहना र सिक्कासहित चाँदीको तौल १४ किलो १८० ग्राम छ। ती सामग्री ओसारपसारमा संलग्न भारत मोतिहारीका रमेशकुमार साह सोनार, चन्दादेवी सोनार, अजित साह सोनार र नन्दनीकुमारी साहलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## निजी क्षेत्र बलियो नभई राज्य बलियो हुँदैन : सभामुख अर्याल

❑ *प्रत्यूष समाचारदाता*

गण्डकी। प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालले निजी क्षेत्र बलियो नभई राज्य बलियो नहुने बताउनुभएको छ।

पोखराका अगुवा पर्यटन व्यवसायीसँग सोमबार भएको भेटमा उहाँले मुलुकको समृद्धिका लागि निजी क्षेत्रलाई सबल र सक्षम बनाउनुपर्ने धारणा राख्नुभयो। "विप्रेषण यति आयो भनेर बसेर मात्र हुँदैन, हामीले हाम्रै निजी क्षेत्रको विकासमा जोड दिनुपर्छ", उहाँले भन्नुभयो, "निजी क्षेत्रसँग मिलेर काम गर्न अहिलेको सरकारसँग हुटहुटी छ।" मुलुकको आर्थिक विकाससँगै रोजगारी सिर्जनामा पर्यटन क्षेत्रको महत्वपूर्ण योगदान रहेको भन्दै यसमा राज्यले विशेष ध्यान दिनुपर्ने उहाँले बताउनुभयो। पर्यटनमा नेपालले अथाह सम्भावना बोकेको उल्लेख गर्दै सभामुख अर्यालले विश्व पर्यटन बजारमा नेपालको उपस्थितिलाई बलियो बनाउनुपर्ने बताउनुभयो। पर्यटन विधेयक अगाडि बढेको जनाउँदै उहाँले कानुन निर्माण प्रकृयामा पर्यटन व्यवसायीलगायत सरोकार भएका पक्षको चासो र सरोकारलाई समेटिने बताउनुभयो।

"कुनै पनि कानुन निर्माण हुँदा पर्यटनसँग सम्बन्धित विषयमा यहाँहरूले पनि चासो लिनुहोस्, आवश्यकताका आधारमा कानुन लाई परिमार्जन र संशोधन गर्न सकिन्छ", सभामुख अर्यालले भन्नुभयो, "सरोकार भएका पक्षलाई जानकारी नदिई र छलफल नगरी कुनैपनि कानुन बन्नुहुँदैन।" पर्यटन विकासलाई विशेष महत्वका साथ लिएको उहाँले बताउनुभयो। सो अवसरमा पोखरा पर्यटन परिषद्का तर्फबाट दिगो पर्यटन विकाससँग सम्बन्धित १० बुँदे माग समेटिएको ध्यान आर्षणपत्र सभामुख अर्याललाई बुझाइएको थियो।

परिषद्का अध्यक्ष हरि भुजेलले हस्तान्तरण गर्नुभएको ध्यान आकर्षणपत्रमा पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट हालै सुरु भएको दुबई-पोखरा-दुबई उडानलाई दिगो र बनाउनुका साथै पोखराबाट राष्ट्रिय ध्वजावहाक नेपाल एयरलाइन्सलाई अन्तरराष्ट्रिय उडानका लागि पहल गरिदिन सभामुख समक्ष अनुरोध गरिएको छ।

पोखरा अन्तरराष्ट्रिय विमानस्थल प्रयोग गरी विदेश जानेहरूका लागि श्रम स्वीकृति, भिसा प्रक्रिया लगायत सेवा पोखराबाटै प्रदान गर्नुपर्ने, पोखराको लेकसाइडमा रहेका विभिन्न होटल तथा व्यावसायिक भवनको सम्पन्नता तथा अभिलेखीकरणमा लाग्ने करको दरमा सहुलियत दिनुपर्ने, पोखराको लेकसाइडमा रहेको रत्नमन्दिरलाई सङ्ग्रहालयको रूपमा विकास गरी आन्तरिक तथा बाह्य पर्यटकका लागि खुला गर्नुपर्ने, फेवातालको जलाधार क्षेत्र संरक्षणलगायतका माग सम्बोधनका लागि पहल र सहजीकरण गरिदिन सभामुखसमक्ष अनुरोध गरिएको छ।

ध्यानाकर्षणपत्र ग्रहणपछि सभामुख अर्यालले पर्यटन व्यवसायीहरूले उठाएका जायज मागको सम्बोधन का लागि सम्बन्धित मन्त्रालयका मन्त्रीसँग छलफल गरी समस्या समाधानका लागि आवश्यक सहयोग तथा समन्वय गर्ने बताउनुभयो।

## बागमती प्रदेश समस्याग्रस्त सहकारी समितिको कार्यालयमा जनशक्ति अभाव

काठमाडौँ। बागमती प्रदेश सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारीको व्यवस्थापन गर्न गठन गरिएको समितिमा दरबन्दी अनुसारका जनशक्तिको व्यवस्था नहुँदा कामले गति लिन सकेको छैन।

प्रदेश सरकारले २०८० सालमा समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठन गरेको थियो। समितिको कार्यालयमा २४ जना कर्मचारीको दरबन्दी स्वीकृत छ। तर हाल १२ जना कर्मचारी मात्र कार्यालयमा कार्यरत रहेको समितिका सदस्य रामेश्वर ढकालले राससलाई जानकारी दिनुभयो। समितिको कार्यालय स्थापना भएको तीन वर्ष पूरा हुँदा पनि वित्तीय व्यवस्थापन गर्ने 'चार्टर्ड एकाउन्टेन्ट' को पद भने अहिलेसम्म पूर्ति हुन नसकेको पनि उहाँले सुनाउनुभयो। प्रदेश सरकारले हालसम्म पाँच वटा सहकारीलाई समस्याग्रस्त घोषणा




गरेको छ। जसमा सिभिल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, सुन्धारा, सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पुल्चोक, लालीगुराँस बचत तथा ऋण सहकारी संस्था लिमिटेड, नयाँबजार, दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड र नेशनल नमो बुद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड रहेका छन्।

नेशनल नमो बुद्ध सहकारी लि. मा रु एक लाखभन्दा कम बचत गरेका बचतकर्ताले पैसा फिर्ता पाइसकेको समितिले जनाएको छ। सुमेरु सहकारीको रु ५० हजारभन्दा कम बचत गर्नेको पैसा फिर्ता भइसकेको छ।

## देशभर २३ वटा विपद्का घटना : छ जनाको मृत्यु, तीन बेपत्ता, १० घाइते

काठमाडौँ। देशभर पछिल्लो २४ घण्टामा विभिन्न प्रकृतिका २३ वटा विपद्का घटना भएका छन्। ती घटनामा परी छ जनाको मृत्यु भएको छ भने तीन जना बेपत्ता हुनुका साथै दस जना घाइते भएका छन्।

विपद्का कारण करिब रु २९ लाख चार हजार बराबरको भौतिक सम्पत्तिमा क्षति पुगेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ। प्राधिकरणका अनुसार कात्तिक ८ गते बिहान १० बजेदेखि कात्तिक ९ गतेसम्म देशका विभिन्न स्थानमा आगलागी, सर्पदंश, लेक लाग्ने तथा डुङ्गा दुर्घटना लगायतका विपद्का घटना भएका हुन्। प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार उक्त अवधिमा सबैभन्दा बढी आगलागी का ११ वटा घटना भएका छन्। त्यसैगरी सर्पदंशका नौ, लेक लागेका दुई र डुङ्गा दुर्घटनाको एक गरी कूल २३ वटा विपद्का घटना भएका छन्। उहाँका अनुसार सर्पदंशका घटनामा परी दुई जनाको मृत्यु भएको छ भने सात जना घाइते भएका छन्। त्यसैगरी उच्च हिमाली तथा पहाडी क्षेत्रमा लेक लाग्दा एक जनाको मृत्यु हुनुका साथै दुई जना घाइते भएका छन्। यसैगरी डुङ्गा दुर्घटनामा परी तीन जनाको मृत्यु भएको छ। उक्त दुर्घटनामा तीन जना घाइते भएका छन् भने नौ जनाको उद्धार गरिएको प्राधिकरणले जनाएको छ। प्राधिकरणका अनुसार पछिल्लो २४ घण्टामा भएका विपद्का घटनाले मानवीय क्षतिसँगै विभिन्न स्थानमा भौतिक सम्पत्तिमा समेत क्षति पुर्याएको छ। विपद्का घटनामा परी घाइते भएकाको सम्बन्धित जिल्लाका विभिन्न स्वास्थ्य संस्थामा उपचार भइरहेको छ। घटनाबाट भएको क्षतिको थप विवरण सङ्कलन गर्ने तथा प्रभावित क्षेत्रमा आवश्यक समन्वय र व्यवस्थापनको काम भइरहेको प्राधिकरणले जनाएको छ।

प्राधिकरणले विपद्का घटनाबाट हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरणका लागि स्थानीय तह, सुरक्षा निकाय तथा सम्बन्धित सरोकारवाला निकायबीच समन्वय भइरहेको जनाएको छ।

*सम्पादकीय ....*

## एनपीएल : नेपालको गौरव

हिजोदेखी नेपाल प्रिमियर लिग क्रिकेट प्रतियोगिता सुरु भएको छ । नेपाल क्रिकेटको क्षेत्रमा पछिल्लो समय उल्लेखनीय प्रगति गर्दै अगाडि बढिरहेको छ। नेपाली खेलकुदको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको नेपाल प्रिमियर लिग (एनपीएल)ले नेपाली क्रिकेटप्रेमीहरूमा नयाँ उत्साह र उमङ्ग थपेको छ । आजदेखि सुरु भएको एनपीएलको तेस्रो सिजनले नेपाली क्रिकेटको विकास, खेलाडीको प्रतिभा र नेपालको राष्ट्रिय पहिचानलाई थप उचाइमा पुऱ्याउने अपेक्षा गरिएको छ ।

एनपीएल केवल क्रिकेट प्रतियोगिता मात्र होइन, यो नेपाली खेलकुदको सम्भावना, युवाको सपना र राष्ट्रको गौरवसँग जोडिएको एउटा महत्वपूर्ण अभियान पनि हो। यस प्रतियोगिताले देशका विभिन्न क्षेत्रका खेलाडीलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर प्रदान गर्छ। खेलाडीहरूले आफ्नो क्षमता देखाउँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान बनाउन सक्ने सम्भावना बढेको छ ।

नेपालमा क्रिकेटप्रतिको आकर्षण दिनप्रतिदिन बढ्दै गएको छ । सहरदेखि गाउँसम्मका बालबालिका तथा युवाहरू क्रिकेट खेलप्रति आकर्षित भइरहेका छन् । एनपीएलजस्ता प्रतियोगिताले उनीहरूलाई क्रिकेटमा भविष्य खोज्न प्रेरित गर्छन् । खेलकुदलाई मनोरञ्जनको माध्यमका रूपमा मात्र नभई व्यावसायिक पेसाका रूपमा विकास गर्न पनि यस्ता प्रतियोगिताले सहयोग पुऱ्याउँछन् ।

एनपीएलको अर्को महत्वपूर्ण पक्ष आर्थिक गतिविधि र पर्यटन प्रवर्द्धन हो। प्रतियोगिता हेर्न आउने दर्शक, खेलाडी, प्रशिक्षक तथा विदेशी पाहुनाका कारण होटल, यातायात, खानपान र अन्य व्यवसायमा आर्थिक गतिविधि बढ्न सक्छ। अन्तराष्ट्रिय खेलाडीहरूको सहभागिताले नेपालको क्रिकेट र पर्यटनलाई विश्वसामु चिनाउने अवसरसमेत प्रदान गर्छ । यसले नेपालको सकारात्मक पहिचान स्थापित गर्न सहयोग पुऱ्याउन सक्छ ।

त्यसैगरी, एनपीएलले नेपाली खेलाडीलाई अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरूसँग खेल्ने, उनीहरूबाट अनुभव हासिल गर्ने र आफ्नो खेल सुधार्ने अवसर दिन्छ। यसबाट खेलाडीको आत्मविश्वास, अनुशासन र प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि हुन सक्छ । तर नेपाली क्रिकेटको दीर्घकालीन विकासका लागि प्रतियोगिता आयोजना गर्नु मात्र पर्याप्त हुँदैन। खेलमैदानको स्तरोन्नति, खेलाडीको नियमित प्रशिक्षण, प्रतिभाशाली युवाको पहिचान र खेलकुद पूर्वाधारको विकासमा पनि ध्यान दिन आवश्यक छ। एनपीएललाई सफल बनाउन आयोजक, खेलाडी, प्रायोजक, सञ्चारमाध्यम, सुरक्षाकर्मी र दर्शक सबैको भूमिका महत्वपूर्ण हुन्छ । प्रतियोगिता सञ्चालन गर्दा पारदर्शिता, निष्पक्षता, अनुशासन र खेलभावनालाई प्राथमिकता दिनुपर्छ। दर्शकले पनि आफ्नो टोलीलाई समर्थन गर्दा अन्य टोली तथा खेलाडीको सम्मान गर्नुपर्छ । एनपीएल नेपाली क्रिकेटको विकासका लागि एउटा महत्वपूर्ण अवसर हो। यसको सफलताले नेपालमा क्रिकेटको लोकप्रियता बढाउनुका साथै युवा पुस्तामा नयाँ आशा जगाउन सक्छ। यस प्रतियोगितालाई केवल जित र हारमा सीमित नराखी नेपाली प्रतिभा, राष्ट्रिय एकता र आर्थिक विकासको माध्यम बनाउनुपर्छ ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

# डिजिटल सञ्जालले बदलिँदै हुम्लीको दैनिकी

*हिरबहादुर शाही*

दसैं घटस्थापनाको दिउँसो अदानचुली गाउँपालिकाको श्रीनगर मा व्यवसायी तिलकबहादुर शाहीको पसलमा क्यूआर कोडमार्फत सरसामानको भुक्तानी गर्ने ग्राहकको बाक्लै भीड थियो। केही वर्षअघिसम्म नगदबिनाको कारोबार कल्पना गर्न पनि कठिन थियो । रकम अभाव हुँदा सामान उधारो दिने वा विश्वासकै आधारमा कारोबार चलाउने प्रचलन थियो तर अहिले स्मार्टफोन र इन्टरनेटको पहुँचले त्यही दृश्य पूर्णरूपमा बदलिएको छ । व्यवसायी शाहीका अनुसार डिजिटल सञ्जालले व्यापारलाई निकै सहज, सुरक्षित र पारदर्शी बनाएको छ। पहिले अधिकांश कारोबार नगद, उधारो वा कहिलेकाहीँ सामान साटासाट गरेर हुन्थ्यो। उधारो रकम लिन चेक लिनुपर्थ्यो । चेकमा हस्ताक्षर नमिल्ने, विवरण फरक पर्ने वा अन्य प्राविधिक समस्याले धेरै झन्झट बेहोर्नुपर्थ्यो। पहिले उधारो विवरण कागजमा राखिन्थ्यो, अहिले भने मोबाइलमै नोट बनाएर सम्पूर्ण हिसाब सुरक्षित राख्न सकिन्छ । तिलबहादुरका अधिकांश ग्राहकले क्यूआर कोडबाटै भुक्तानी गर्छन् । उधारो रकम लिनुपरे पनि क्यूआर कोड मेसेन्जर वा ह्वाट्सएपमार्फत पठाइदियो भने पैसा सिधै बैंक खातामा आइपुग्छ। भुक्तानी भएको जानकारी तुरुन्तै मोबाइलमा सन्देशमार्फत प्राप्त हुन्छ। डिजिटल कारोबारले नगद बोक्नुपर्ने जोखिम घटाएको व्यवसायी र ग्राहक दुवै खुसी छन् । हिमाली भौगोलिक विकटताका कारण सडक पूर्वाधारको विस्तार अझै चुनौतीपूर्ण रहेको हुम्लामा डिजिटल सञ्जालले भने विकासको नयाँ ढोका खोलेको छ। हुम्ली जनजीवनमा क्युआर भुक्तानी, मोबाइल बैंकिङ, अनलाइन कारोबार र सामाजिक सञ्जालको प्रयोग सामान्य बन्दै गएको छ। सडकको पहुँच सीमित रहे पनि इन्टरनेटको पहुँचले स्थानीयको दैनिकी, व्यापार र आर्थिक गतिविधिलाई नयाँ गति दिएको छ।

### सङ्घीयतापछि तीव्र विकास

दशकौँसम्म नेपालको सबैभन्दा दुर्गम जिल्लामध्ये एकका रूपमा परिचित हुम्ला अन्ततः २०८२ असार २२ गते खार्पुनाथ गाउँपालिका-५ स्थित चुवाखोलामा बेली पुल निर्माण भएसँगै राष्ट्रिय सडक सञ्जालसँग औपचारिक रूपमा जोडियो। यद्यपि हुम्लालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने योजना सन् १९९७ मा तयार भएपनि यसको निर्माण कार्य सन् २००० मा मात्र सुरु भएको थियो। कठिन हिमाली भूगोल, प्राविधिक चुनौती र राज्यको प्राथमिकताको कमी जस्ता कारण करिब २५ वर्षपछि मात्रै यो परियोजनाले आंशिक पूर्णता पायो। चुवाखोलामाथि बेली पुल जडान भएपछि हुम्ला राष्ट्रिय सडक सञ्जालमा जोडिने नेपालको अन्तिम जिल्ला बन्यो तर सडक पुग्नुअघि नै डिजिटल सञ्जालले भने हुम्लालाई देश र विश्वसँग जोडिसकेको थियो। अहिले हुम्लाका दुर्गम गाउँहरूमा इन्टरनेट, मोबाइल बैंकिङ, क्युआर भुक्तानी र अनलाइन सेवाहरू सहज बन्दै गएका छन् । अहिले त्यस्ता धेरै सेवा मोबाइल फोन र इन्टरनेटमार्फत नै उपलब्ध हुन थालेका छन् । डिजिटल क्षेत्रमा आएको रुपान्तरणले स्थानीय नागरिकको समय, श्रम र खर्च तीनै पक्षमा उल्लेखनीय बचत गरेको छ । आर्थिक वर्ष २०७६/७७ मा नेपाल दूरसञ्चार प्राधिकरण र वर्ल्डलिंक कम्युनिकेसन्सबीच ग्रामीण दूर सञ्चार विकास कोषअन्तर्गत सम्झौता भएपछि जिल्लामा इन्टरनेट सेवा विस्तारको नयाँ चरण सुरु भयो । यसअघि अधिकांश स्थानमा भरपर्दो मोबाइल नेटवर्क समेत उपलब्ध थिएन । सम्झौता अनुसार कर्णालीका हिमाली जिल्लामा इन्टरनेट सेवा विस्तारका लागि करिब रु २० करोड ७९ लाख बराबरको परियोजना सञ्चालन गरिएको थियो । त्यसमध्ये करिब रु पाँच करोड २० लाख खर्चेर हुम्लाका सरकारी विद्यालय, स्वास्थ्य संस्था तथा स्थानीय तहका कार्यालयमा इन्टरनेट सेवा जडान गरिएको थियो। यसले सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने आधार तयार गऱ्यो।

नेपाल टेलिकमले २०७६ सालदेखि सुरु गरेको फोरजी विस्तार परियोजनाअन्तर्गत २०८१ सालमा सिमकोटमा एफटीटीएचसहित सेवा विस्तार गरियो।

समुद्री सतहबाट करिब चार हजार ६०० मिटर उचाइमा रहेको दुर्गम लिमी उपत्यकासम्म फोरजी टावर स्थापना गरी मोबाइल सेवा विस्तार गरिएको छ। यसले नेपालकै विकट हिमाली बस्तीहरूमा पनि डिजिटल पहुँच सम्भव भएको सन्देश दिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार हुम्लाको कुल ५५ हजार ३९४ जनसङ्ख्यामध्ये नियमित रूपमा इन्टरनेट प्रयोग गर्नेको संख्या ३९७ मात्र रहेको उल्लेख गरिएको थियो तर पछिल्ला केही वर्षमा स्मार्टफोनको प्रयोग, मोबाइल नेटवर्कको विस्तार, अनलाइन शिक्षा, डिजिटल बैंकिङ र सरकारी सेवाको डिजिटलीकरण सँगै इन्टरनेट प्रयोगकर्ता उल्लेखनीय रूपमा बढेका छन्। हाल हुम्लाका सबै स्थानीय तहमा मोबाइल नेटवर्क विस्तार भइसकेको छ भने विभिन्न इन्टरनेट सेवा प्रदायकहरूले पनि सेवा विस्तार गरेका छन्।

### उधारो प्रणालीमा कमी

डिजिटल पहुँच विस्तार हुनुअघि अधिकांश आर्थिक कारोबार नगद, चेक वा विश्वासका आधारमा हुने उधारो प्रणालीमै सीमित थिए। सामाजिक सुरक्षा भत्ता बुझ्न, बैंक खातामा रकम जम्मा गर्न वा झिक्न नागरिकले घण्टौं पैदल यात्रा गरेर सदरमुकामस्थित बैंक शाखासम्म पुग्नुपर्ने बाध्यता थियो। कमजोर सडक, सीमित सञ्चार सुविधा र दुर्गम भौगोलिक अवस्थाले सामान्य बैंकिङ सेवासमेत नागरिकका लागि खर्चिलो र झन्झटिलो बनाएको थियो।

सङ्घीयता कार्यान्वयनसँगै डिजिटल पूर्वाधार विस्तार भएपछि हुम्लाको वित्तीय क्षेत्रमा उल्लेखनीय परिवर्तन देखिन थालेको छ। मोबाइल नेटवर्क र इन्टरनेट सेवाको पहुँच बढेसँगै मोबाइल बैंकिङ, क्युआर भुक्तानी, कनेक्ट-आईपीएस, डिजिटल वालेट र अनलाइन बैंकिङ सेवाको प्रयोग तीव्र रूपमा विस्तार भएको छ। अहिले स्थानीय बजारमा सामान खरिद-बिक्री, विद्यालय शुल्क भुक्तानी, सरकारी राजस्व तिर्ने, लोकसेवा आयोगको आवेदन शुल्क बुझाउनेदेखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेसम्मका अधिकांश काम डिजिटल माध्यम बाट हुन थालेका छन्। डिजिटल प्रविधिको विस्तारले बैंकिङ सेवालाई नागरिकको घरदैलोमै पुऱ्याएको अनुभव बैंकिङ क्षेत्रका प्रतिनिधिहरू सुनाउँछन् । अहिले अधिकांश नागरिकको बैंक खाता छ, धेरैले मोबाइल बैंकिङ प्रयोग गर्छन्, व्यापारीले व्यवसायिक बैंक खाता खोलेर कारोबार गरिरहेका छन्, गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता बैंक खातामार्फत वितरण गर्न थालेपछि बैंकिङ प्रणालीप्रतिको पहुँच र विश्वास दुवै बढेको छ। ग्राहकले घरमै बसेर मोबाइल एप प्रयोग गरी बैंक खाता खोल्ने, डिम्याट तथा 'मेरो सेयर' खाता खोल्ने र आवश्यक प्रक्रिया पूरा गर्न सक्ने अवस्था बनेको छ । डिजिटल पहुँच विस्तारसँगै शाखारहित बैंकिङ सेवाले पनि ग्राहकलाई सहजता दिएको छ । दुर्गम भौगोलिक अवस्थाका कारण बैंक शाखा स्थापना गर्न कठिन हुने हुम्लाजस्ता जिल्लामा यस्ता सेवा केन्द्रले गाउँस्तरमै खाता खोल्ने, रकम जम्मा-झिक्ने तथा आधारभूत बैंकिङ सेवा उपलब्ध गराइरहेका छन्।

### शिक्षा र स्वास्थ्यमा फड्को

हुम्लामा केही वर्षअघिसम्म शिक्षा र स्वास्थ्य सेवा भौगोलिक विकटताका कारण अत्यन्तै चुनौतीपूर्ण मानिन्थ्यो। विद्यालयमा समयमै पाठ्यपुस्तक पुग्दैनथे, शिक्षक र विद्यार्थी सीमित शैक्षिक सामग्रीमै निर्भर रहन्थे । विशेषज्ञ चिकित्सकको अभावले सामान्य उपचारका लागि पनि सर्वसाधारणले नेपालगञ्ज, सुर्खेत वा काठमाडौं सम्म यात्रा गर्नुपर्ने अवस्था थियो तर पछिल्ला केही वर्षमा डिजिटल सञ्जालको विस्तारसँगै यी दुवै क्षेत्रमा उल्लेखनीय परिवर्तन देखिन थालेको छ । विश्वव्यापी कोभिड-१९ महामारीका बेला विद्यालयहरू लामो समय बन्द हुँदा परम्परागत शिक्षण प्रणाली अवरुद्ध भयो। त्यही समयमा इन्टरनेट पहुँच भएका विद्यालय र शिक्षकहरूले पहिलोपटक जुम गुगल मिटलगायतका डिजिटल प्लेटफर्म मार्फत वैकल्पिक कक्षा सञ्चालन गर्न थाले । यसअघि कल्पनासमेत नगरिएको अनलाइन शिक्षण अभ्यासले विद्यार्थी र शिक्षकलाई नयाँ सिकाइ संस्कृतिसँग परिचित गरायो । महामारीपछि पनि डिजिटल प्रविधिको प्रयोग निरन्तर विस्तार हुँदै गएको छ। अहिले शिक्षक र विद्यार्थी अध्ययन- अध्यापनका लागि च्याटजीपीटी क्लाउड एआई, गुगल जेमिनी लगायत कृत्रिम बुद्धिमत्तामा आधारित डिजिटल उपकरणको प्रयोग गर्न थालेका छन्। अध्ययन सामग्री खोज्ने, पाठ योजना तयार गर्ने, प्रस्तुतीकरण बनाउने तथा गृहकार्यका लागि आवश्यक सन्दर्भ सामग्री सङ्कलन गर्ने कार्य पहिलेको तुलनामा धेरै सहज बनेको छ । विद्यार्थीले लोकसेवा आयोग, छात्रवृत्ति तथा अन्य शैक्षिक आवेदनहरू अनलाइनमार्फत भर्न थालेका छन्। पहिले सामान्य आवेदन दिन पनि जिल्ला सदरमुकाम पुग्नुपर्ने, समय र खर्च व्यहोर्नुपर्ने बाध्यता थियो। अहिले अधिकांश सेवा डिजिटल माध्यमबाट उपलब्ध हुन थालेपछि विद्यार्थीको समय र आर्थिक भार दुवै घटेको छ। केही वर्षअघिसम्म शिक्षकहरूले तलब बुझ्न, सञ्चय कोष तथा नागरिक लगानी कोषसम्बन्धी प्रक्रिया पूरा गर्न जिल्ला सदरमुकाम स्थित बैंकसम्म पुग्नुपर्ने अवस्था थियो। अहिले तलब-भत्ता सिधै बैंक खातामा जम्मा हुने व्यवस्था भएपछि ती झन्झट हटेका छन् । पहिले विद्यार्थीको सम्पूर्ण विवरण हस्त लिखित रजिस्टरमा राखिन्थ्यो, लाब्धांकपत्र, परिचयपत्र लगायत सबै *(बाँकी पृष्ठ ३मा)*

## पशु वधशाला र मासु जाँच सम्बन्धी सूचना

**"उपभोक्तालाई स्वस्थ मासु उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारबाट २०८३ मंसिर १ गतेदेखि काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्लाका सबै स्थानीय तहहरुमा, २०८३ माघ १ गतेदेखि बाँकी सबै नगरपालिकाहरुमा र २०८४ साउन १ गतेदेखि देशैभरी पशु वधशाला र मासु जाँच ऐन, २०५५ लागु हुने गरी राजपत्रमा सूचना प्रकाशन भएको हुँदा ऐन कार्यान्वयनमा मासु व्यवसायी लगायत सम्पूर्ण सरोकारवालाहरुको सहयोगका लागि हार्दिक अनुरोध छ " ।**

**मासु मात्र हैन, स्वस्थ मासु खोजौं ।**

नेपाल सरकार,
**विज्ञापन बोर्ड**

## डिजिटल सञ्जालले ........................

कागजी प्रक्रियाबाट तयार हुन्थे। अहिले ईएमआईएस प्रणालीमार्फत विद्यार्थीको अभिलेख व्यवस्थापन, विवरण अद्यावधिक तथा प्रतिवेदन तयार गर्न सहज भएको छ। बालशिक्षाका विद्यार्थीका लागि स्मार्ट बोर्ड प्रयोग गरेर भिडियो सामग्रीमार्फत शिक्षण गरिन्छ।

**टेलिमेडिसिनबाट चेकजाँच**

भौगोलिक रूपमा विकट हुम्लामा विशेषज्ञ चिकित्सकको अभाव त हुने नै भयो। सामान्य उपचारका लागि समेत बिरामीले दिनौंको यात्रा गर्नुपर्ने अवस्था थियो। जटिल रोगको उपचारका लागि सुर्खेत, नेपालगञ्ज वा काठमाडौं पुग्नुपर्ने बाध्यताले धेरै परिवार आर्थिक र मानसिक रूपमा प्रभावित हुने गरेका थिए। अहिले जिल्ला अस्पताल हुम्लाबाट विशेषज्ञ चिकित्सकसहितको टेलिमेडिसिन सेवा सञ्चालन भइरहेको छ। यसले जिल्लामै बसेर विशेषज्ञ चिकित्सक को परामर्श प्राप्त गर्ने अवसर सिर्जना गरेको छ।

विशेषज्ञ चिकित्सक सहित को टेलिमेडिसिन सेवा जिल्ला अस्पतालमा उपलब्ध भए पनि अन्य स्वास्थ्य संस्थाले टेलिफोन र भिडियो कलमार्फत चिकित्सकीय परामर्श प्रदान गरिरहेका छन्। विशेषज्ञ चिकित्सक तत्काल उपलब्ध नभएका अवस्थामा पनि डिजिटल माध्यमबाट चिकित्सकसँग परामर्श लिन सकिने व्यवस्था भएकाले बिरामीले छिटो उपचार सेवा पाउन थालेका छन्।

**फेरियो सेवाप्रवाह शैली**

सङ्घीयताअघि नागरिकता सिफारिस, जन्मदर्ता, मृत्युदर्ता, विवाह दर्ता, बसाइँसराइ, सामाजिक सुरक्षा भत्ता तथा अन्य प्रशासनिक सेवाका लागि सेवाग्राहीले दिनौं लगाएर जिल्ला सदरमुकाम पुग्नुपर्ने अवस्था थियो। अहिले यस्ता अधिकांश सेवा स्थानीय तहका वडा कार्यालयबाटै डिजिटल प्रणाली मार्फत उपलब्ध हुन थालेका छन्। सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीमा पनि डिजिटल प्रविधिको प्रयोग प्रभावकारी बनेको छ। लाभग्राहीको विवरण डिजिटल प्रणालीमा अद्यावधिक गरी रकम सिधै बैंक खातामा पठाउने व्यवस्था भएपछि भुक्तानी प्रक्रिया थप पारदर्शी बनेको छ। व्यक्तिगत घटना दर्ता पनि अब पूर्ण डिजिटल अभिलेखीकरण गरिएको छ। यसले अभिलेख हराउने, दोहोरिने वा विवरण खोज्न कठिन हुने समस्या हटाएको छ। छत्यालका अनुसार गाउँपालिका तथा वडा कार्यालयका सूचना अहिले सामाजिक सञ्जाल र डिजिटल माध्यम मार्फत सार्वजनिक गरिने भएकाले नागरिक को सूचना पहुँच बढेको छ।

**'डिजिटल कर्णाली' को अवधारणादेखि स्मार्ट सिटीसम्म**

'डिजिटल कर्णाली', ई-गभर्नेन्स, डिजिटल शिक्षा तथा स्मार्ट सिटीजस्ता कार्यक्रममार्फत कर्णाली प्रदेशलाई प्रविधिमैत्री बनाउने नीति अवलम्बन गरिए पनि यसको प्रभाव हुम्लामा अपेक्षाअनुसार पुग्न भने अझै बाँकी रहेको देखिन्छ। प्रदेश सरकारले हरेक आर्थिक वर्ष सूचना तथा सञ्चार प्रविधिसम्बन्धी कार्यक्रमका लागि बजेट विनियोजन गर्दै आएको छ। यद्यपि अधिकांश बजेट शिक्षा, सामान्य प्रशासन वा भौतिक पूर्वाधारजस्ता व्यापक शीर्षकभित्र समेटिएकाले डिजिटल पूर्वाधारका लागि गरिएको वास्तविक लगानीको स्पष्ट चित्र प्राप्त गर्न कठिन छ। प्रदेश सरकारले २०७४ पुसमा कर्णालीलाई पूर्ण डिजिटल प्रदेश बनाउने निर्णय गर्दै तत्कालीन उपसचिव भक्तबहादुर कार्कीको संयोजकत्वमा आठ सदस्यीय अध्ययन समिति गठन गरेको थियो। समितिले २०७४ चैतमा प्रतिवेदन बुझाएको थियो। आव २०७५/७६ देखि 'डिजिटल कर्णाली' प्रदेश सरकारको प्रमुख नीतिगत प्राथमिकता मध्ये एकका रूपमा समावेश भए पनि अझै यसको विस्तृत गुरुयोजना अन्तिम रूप लिन सकेको छैन। डिजिटल क्षेत्रमा पहिलोपटक स्पष्ट बजेट शीर्षक आव २०८१/८२ मा देखिन्छ। यस वर्ष 'मुख्यमन्त्री डिजिटल शिक्षा कार्यक्रम' का लागि रु १० करोड विनियोजन गरिएको थियो। त्यसपछि आव २०८२/८३ मा 'मुख्यमन्त्री डिजिटल शिक्षा तथा नमूना विद्यालय कार्यक्रम' का लागि रु १४ करोड बजेट विनियोजन गरियो।

हुम्लाका स्थानीय तहहरूले पनि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्राथमिकतामा राख्न थालेका छन्। डिजिटल सञ्जालको पहुँच विस्तार भएपछि स्थानीय तहहरूले अनलाइन अभिलेख व्यवस्थापन, डिजिटल घटना दर्ता, सामाजिक सुरक्षा भत्ता वितरण, राजस्व व्यवस्थापन तथा सूचना प्रवाहलाई क्रमशः डिजिटल प्रणालीमा रूपान्तरण गरेका छन्। पछिल्लो समय खार्पुनाथ गाउँ पालिकाले 'स्मार्ट गाउँपालिका' अवधारणा अघि सार्दै हुम्लामै डिजिटल रूपान्तरणको नयाँ अभ्यास सुरु गरेको छ।

आव २०८३/८४ का लागि हुम्लाका सातवटै स्थानीय तहले कुल रु तीन अर्ब २१ करोड ३५ लाख १४ हजार ४८२ बराबरको बजेट सार्वजनिक गरेका छन्। अधिकांश स्थानीय तहले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार तथा सुशासनलाई प्राथमिकतामा राखेका छन् भने खार्पुनाथ गाउँपालिकाले पहिलोपटक 'स्मार्ट गाउँपालिका' कार्यक्रमलाई बजेटमै समावेश गरेको छ।

शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा स्थानीय शासनलाई आधुनिक बनाउनका साथै विपद् व्यवस्थापन, सूचना आदान-प्रदान तथा स्थानीय उत्पादनलाई डिजिटल बजारसँग जोड्न पनि सहयोग पुगेको छ। हुम्लाका सातवटै स्थानीय तह र कर्णाली प्रदेश सरकारले स्थानीय आवश्यकता र भौगोलिक अवस्थाअनुसार डिजिटलाइजेशन लाई प्राथमिकतामा राख्दै आएका छन्। दुर्गम भौगोलिक अवस्थाका कारण सेवा केन्द्रसम्म पुग्न नागरिकले लामो दूरी तय गर्नुपर्ने हुम्लामा डिजिटल प्रविधिलाई सेवा प्रवाह सहज बनाउने माध्यमका रूपमा प्रयोग गर्न थालिएको छ।

### कृषि विकास कार्यालय धादिङको अनुरोध

# कात्तिक १५ गतेपछि मात्र धान भित्र्याउनु

❑ *प्रत्युष समाचारदाता*

धादिङबेशी। कृषि विकास कार्यालय धादिङले सम्भावित वर्षाबाट धानबाली जोगाउन मौसमको अवस्था हेरेर मात्र धान काट्न तथा भित्र्याउन कृषकलाई आग्रह गरेको छ।

कार्यालयले जारी गरेको 'धानबाली काट्ने तथा भित्र्याउने सम्बन्धी' सूचनामा कात्तिक ११ देखि १५ गतेसम्म देशका विभिन्न स्थानमा हल्कादेखि भारी वर्षाको सम्भावना रहेको उल्लेख छ। वर्षाबाट धानबालीमा क्षति हुन नदिन विशेष सावधानी अपनाउन अनुरोध गरिएको छ। पाकिसकेको धान मौसमको अवस्था हेरेर आज मंगलबारसम्म भित्र्याइसक्न वा कात्तिक १५ गतेपछि मात्र काट्न कार्यालयले सुझाएको छ। तत्काल भित्र्याउन नसकिने धान भने मौसममा सुधार आएपछि मात्र काट्ने गरी समय मिलाउन कृषकलाई आग्रह गरिएको छ। धान नपाकेका खेतमा कुलो वा नाली काटेर तत्काल पानी निकासको व्यवस्था गर्न पनि अनुरोध गरिएको छ। हावाहुरी वा पानीका कारण धान ढलेको भए बाला पानीमा डुब्न नदिन मुठो पारेर ठड्याउने वा अग्लो ठाउँमा राख्ने प्रयास गर्न कार्यालयले कृषकलाई सुझाव दिएको छ।



## फूलखेती आम्दानीको मुख्य स्रोत

घोराही। दाङमा फूलखेती व्यवसायप्रति किसानको आकर्षण बढ्दै गएको छ। अन्य खेतीभन्दा सजिलो र आम्दानी बढी पाउने भएकाले किसानहरु फूलखेतीप्रति आकर्षित भएका हुन्।

यति बेला दाङका विभिन्न फूलखेती गरेका स्थानमा सयपत्रि फूल ढकमक्क फुलिसकेका छन्। गढवा गाउँपालिका-३, खैरेनीका टेकेन्द्रराज रावतले विगत चार वर्षदेखि व्यावसायिक फूलखेती गर्दै आउनुभएको छ। आइएससी कृषि सङ्कायअन्तर्गत वनस्पति विज्ञान अध्ययन गर्नुभएका उहाँले व्याव-सायिक रूपमा फूलको खेती गर्दै आउनु भएको हो। उहाँले चाडपर्वलाई ध्यानमा राखी सयपत्री फूलको व्यावसायिक रुपमा खेती थाल्नुभएको हो। अहिले उहाँको फूलखेती १० कट्ठा जग्गामा फैलिएको छ।

"पहिलो वर्ष परीक्षणका रूपमा खेती गरें। त्यसले राम्रो नतिजा दियो, त्यसपछि नियमित रूपमा खेती गर्दै आएको छु", उहाँले भन्नुभयो, "यो वर्ष तिहार अगाडि रु २०/२५ हजारको फूल र माला बिक्री गरिसकेको छु।"

यो व्यावसायबाट राम्रो आम्दानी पनि हुँदै गएको उहाँले बताउनुभयो। चाडपर्वका बेला छिमेकी देश भारतबाट फूल नेपाल आयात हुने गर्छ। त्यसलाई निरुत्साहित गर्दै स्थानीय उत्पादन लाई प्राथमिकतामा राख्नुपर्ने उहाँको माग छ। "धान, गहुँ लगाउनुभन्दा फूलखेती सजिलो, मल र बीउमा धेरै खर्च नहुने रहेछ। लगानीअनुसार धान, गहुँले मूल्य पाउँदैन, फूलले राम्रो मूल्य पाउँछ", उहाँले अनुभव सुनाउनुभयो।

उहाँ वार्षिक रूपमा रु दुईदेखि तीन लाखसम्म बचत गर्न सफल हुनुभएको छ। अहिले फूललाई रु २५० देखि ३०० सम्ममा र एउटा मालालाई रु ४०० का दरले बिक्री गर्दै आएको समेत बताउनुहुन्छ।

किसान रावतले अरुको देशमा गएर दुःख गर्नु भन्दा आफ्नै देशमा केही गर्न आवश्यक रहेको बताउनुहुन्छ। "गतवर्ष राम्रो आम्दानी भयो फूलखेतीबाट, यसवर्ष पनि तिहार आउनुभन्दा अघि बाटनै फूल माला बिक्री गर्दै आएको छु।" फूलमा आत्मनिर्भर हुने गरी पुष्प कृषक प्रोत्साहनका कार्यक्रम ल्याउन स्थानीय सरकारले पहल गर्नुपर्ने उहाँले बताउनुभयो। उहाँले सयपत्री फूलखेतीसँगै विभिन्न तरकारीखेती र तरकारीका बेर्ना पनि उत्पादन गरेर बिक्री गर्दै आउनु भएको छ। दाङ जिल्लामा व्यावसायिक फूलखेती गर्ने किसानको सङ्ख्या पछिल्ला वर्षमा बढ्दै गएको छ।

जिल्लाका १० वटै स्थानीय तहमा फूलखेती गर्ने किसान रहेका छन्। प्रोत्साहनका लागि स्थानीय सरकारले भूमिका बढाउनुपर्ने देखिन्छ।

## नेपालगञ्जमा तेस्रो अन्तरराष्ट्रिय स्वीमिङ च्याम्पियनसिप हुँदै

नेपालगञ्ज। नेपालगञ्ज स्वीमिङ क्लबको आयोजनामा आगामी आइतबारदेखि 'तेस्रो नेपालगञ्ज अन्तर्राष्ट्रिय स्विमिङ च्याम्पियन सिप' हुने भएको छ।

यही कात्तिक १४ र १५ गते नेपालगञ्ज रङ्गशालामा सञ्चालन हुने उक्त प्रतियोगितामा भारतबाट ५० जना र देशभरिबाट करिब एक सय ५० जना खेलाडी बीच विभिन्न समूहमा प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ।

नेपालगञ्ज स्वीमिङ क्लब का अध्यक्ष केशव न्यौपानेले पत्रकार सम्मेलनमार्फत स्वीमिङ खेलको विकास र विस्तार गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको बताउनुभयो। "स्वीमिङ स्वास्थ्य, सुरक्षा र जीवनशैलीसँग जोडिएको महत्वपूर्ण खेल हो", उहाँले भन्नुभयो, "यसलाई जीवन उपयोगी सीपका रूपमा विकास गर्न र खेलाडीलाई राष्ट्रिय तथा अन्त-राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्न प्रतियोगिता आयोजना गरिएको हो।"

आयोजक संस्था लुम्बिनी प्रदेशकै पहिलो स्वीमिङ क्लब भएको जानकारी दिँदै अध्यक्ष न्यौपानले यहाँका स्वीमिङ खेलप्रेमी, उद्योगी, व्यवसायी लगायत नागरिक समाजको अगुवाइ र पहलमा क्लब स्थापना गरिएको बतानउनुभयो। क्लबले स्थापना कालदेखि नै नियमित रूपमा राष्ट्रियस्तरका स्वीमिङ प्रतियोगिता आयोजना गर्दै आएको छ। क्लबका वरिष्ठ उपाध्यक्ष सूर्यमणि अधिकारीले प्रतियोगिताले स्वीमिङ खेलको विकास तथा खेलाडीको क्षमता अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो।

प्रतियोगितामा आठ वर्षदेखि १७ वर्षसम्मका बाल बालिका तथा १७ वर्ष उमेर समूह माथिका खेलाडीबीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगितामा छ विधामा विभिन्न उमेर समूहमा गरी ८० वटा प्रतिस्पर्धा हुने आयोजक क्लबले जनाएको छ। प्रतियोगितामा खेलाडीले फ्रि स्टाइल, ब्रेस्टस्ट्रोक, ब्याकस्ट्रोक, बटरफ्लाई, रिले तथा व्यक्तिगत मेडल विधामा प्रतिस्पर्धा गरिनेछ।

लुम्बिनी प्रदेश खेलकुद परिषद्, नेपालगञ्ज उपमहानगर पालिका र कोहलपुर नगरपालिकाले प्रतियोगिता लाई सफल तुल्याउन आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाएका आयोजकको भनाइ छ। प्रतियोगितामा करिब रु ३५ लाख खर्च लाग्ने अनुमान गरिएको अध्यक्ष न्यौपानेले जानकारी दिनुभयो। प्रतियोगितालाई सफल तुल्याउन स्थानीय आदर्श, बागेश्वरी एकेडेमी, किड्स किंगडम नेपालगञ्ज र शिखा एकेडेमीलगायतले सहयोग गर्ने प्रतिबद्धता जनाएको जनाएको छ।

## विजेतालाई अलैंची पुरस्कार

ताप्लेजुङ। फुटबल प्रतियोगिताका विजेता तथा उपविजेता टोलीलाई नगदको सट्टा अलैंची पुरस्कार प्रदान गरिने भएको छ।

मिक्वाखोला गाउँपालिका ले आगामी मङ्सिर २ देखि ६ गतेसम्म आयोजना गर्न गइरहेको फुटबल प्रतियोगिताका विजेता तथा उपविजेता टोलीलाई नगदको सट्टा अलैंची पुरस्कार दिन लागेको हो।

फङ्फङ्देन झरना पर्यटन तथा सांस्कृतिक मेलालाई सफल बनाउने उद्देश्यले आयोजना हुन गइरहेको उक्त प्रतियोगितामा अलैंचीलाई प्रवर्द्धन गर्ने नगदको सट्टा अलैंची दिने व्यवस्था गरेको हो।

फङ्फङ्देन झरना पर्यटन विकास समितिको आयोजनामा हुने मेलामा पुरुष फुटबल प्रतियोगिता, नृत्य प्रतियोगिता, च्याबुङ प्रतियोगिता लगायत विविध सांस्कृतिक कार्यक्रम सञ्चालन गरिनेछ। सोमबार सदरमुकाम फुङ्लिङमा आयोजित पत्रकार सम्मेलनमार्फत उक्त विषयमा जानकारी गराइएको हो। समितिका अध्यक्ष विजयप्रकाश साँवा लिम्बूका अनुसार मेलाको मुख्य आकर्षण पुरुष फुटबल प्रतियोगिता रहनेछ। प्रतियोगितामा घरेलु टोलीसहित पाँचथर, झापा र सुनसरीलगायत जिल्लाका आठ टोली सहभागी हुनेछन्।

फुटबल प्रतियोगिताको विजेता टोलीले ट्रफी, मेडल र प्रमाणपत्रसँगै रु तीन लाख दुई हजार ८३ बराबरको अलैंची पुरस्कार प्राप्त गर्नेछ। उपविजेता टोलीलाई रु एक लाख ५२ हजार ८३ बराबरको अलैंचीसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ। गत वर्षको प्रतियोगितामा पुरस्कार राशि बराबरको अलैंची प्रदान गरिएको थियो।

नगदको सट्टा अलैंचीलाई पुरस्कारका रूपमा प्रदान गर्नुको उद्देश्य स्थानीय उत्पादनको प्रचारप्रसार गर्नुका साथै अलैंचीखेती र यसको बजार प्रवर्द्धनमा सहयोग पुर्‍याउनु रहेको आयोजकले बताएका छन्।

# चितवनलाई देशकै नमूना जिल्ला बनाइने : मन्त्री रावल

नारायणगढ । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले चितवनलाई देशकै नमुना जिल्ला बनाइने बताउनुभएको छ ।

उहाँले भूमिहीन दलित, सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गरी चितवनलाई देशकै नमुना जिल्ला बनाइने बताउनुभएको हो । सोमबार जिल्ला प्रशासन कार्यालय, चितवनमा भूमिसम्बन्धी समस्या तथा सुकुमवासी व्यवस्थापनका क्षेत्रमा भइरहेका कामको प्रगति विवरण र समस्याबारे आयोजित छलफल कार्यक्रममा मन्त्री रावलले भन्नुभयो, "सबै ठाउँमा समस्या समाधान गर्न हामी तत्पर छौँ । म सबै जिल्लामा पनि जान्छु, तर चितवन विशेष हो । चितवन जिल्लामा भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासी को समस्या समाधान अरू जिल्लाका लागि नमूना हुनुपर्छ भन्ने मेरो भनाइ हो ।" उहाँले कामको सुरुवात भइसकेको बताउँदै अब दोस्रो फेज अर्थात् तीव्र गति (स्पीड अप) दिने चरणमा लैजाने बताउनुभयो । उहाँले थप्नुभयो, "चितवनमा इच्छाकामना गाउँपालिका लगायत अन्य क्षेत्रको तयारी देख्दा खुसी लागेको छ, तर यतिले मात्र पर्याप्त हुँदैन ।" मन्त्री रावलले कानुनी जटिलता अध्यादेशमार्फत सम्बोधन भइसकेको उल्लेख गर्दै प्रशासनिक तथा प्राविधिक काममा ढिलाइ नगर्न निर्देशन दिनुभयो । उहाँले भन्नुभयो, "हाम्रो प्राथमिकता भनेको भूमिहीन दलित र सुकुमवासी नै हुन् । यसलाई व्यवस्थित गर्दै लैजान राजनीतिक र प्रशासनिक रूपमा के-कस्ता गाँठाहरू फुकाउनुपर्छ, त्यसका लागि म आफैँ स्थानीय तहमै पुगेर सहजीकरण गर्न तयार छु ।"

"काम रोकिनु भएन, सङ्घको तर्फबाट आवश्यक समन्वय र सहयोगका लागि हामी तयार छौँ । चितवनका प्रमुख जिल्ला अधिकारी र स्थानीय तहका प्रतिनिधि यस विषयमा सक्रिय हुनुहुन्छ । त्यसैले चितवनलाई छिटोभन्दा छिटो सुकुम्वासीमुक्त घोषणा गर्ने गरी काम अघि बढाऔँ", उहाँले भन्नुभयो ।

### मौसम पूर्वानुमान महाशाखाको अनुरोध

# भारी वर्षा हुने सम्भावना भएकाले सचेत रहनुस्

काठमाडौँ । नेपाल मौसम विज्ञान विभागले बङ्गालको खाडीमा विकसित चक्रवात 'अर्णव'को प्रभावले आगामी बिहिबारदेखि सुरू भई विषेशगरी शुक्रबार र शनिबार नेपालका विभिन्न स्थानमा वर्षाको गतिविधि बढ्नुका साथै हिमपात हुने सम्भावना रहेको रहेको जनाएको छ ।

विभागले सोमबार विषेश बुलेटिन जारी गर्दै केही स्थानमा भारी वर्षाको पनि सम्भावना रहेकाले उच्च सतर्कता अपनाउन अनुरोध गरेको छ । विभागको अनुसार बङ्गालको खाडीमा रहेको उक्त चक्रवात क्रमशः शक्तिशाली बन्दै उत्तरपश्चिम दिशातर्फ अघि बढ्ने र भारतको आन्ध्र प्रदेश तथा विशाखापट्नमको बीचमा पर्ने यानम नजिक तटीय क्षेत्रमा प्रवेश गर्ने सम्भावना रहेको छ । यसको प्रभावले नेपालमा मौसम बदली भई वर्षा र हिमपात हुनसक्ने विभागले जनाएको छ ।

बुलेटिनअनुसार कात्तिक १२ गते बिहीबारदेखि मौसममा परिवर्तन सुरु हुने र विशेषगरी शुक्रबार तथा शनिबार कोशी, बागमती, मधेस, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न क्षेत्रमा वर्षाको सम्भावना छ । कात्तिक १३ गते शुक्रबारदेखि १४ गते शनिबारसम्म कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका धेरै स्थानमा मेघगर्जन, चट्याङ तथा हावाहुरीसहित मध्यम वर्षा हुने सम्भावना रहेको छ । केही स्थानमा भारी वर्षा हुनसक्न विभाग अन्तर्गत मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । लुम्बिनी प्रदेशका केही स्थानमा पनि मध्यमदेखि भारी वर्षा हुनसक्ने पूर्वानुमान गरिएको छ । यसैगरी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा मेघगर्जन, चट्याङ तथा हावाहुरी सहित मध्यम वर्षा र एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ । देशका उच्च पहाडी तथा हिमाली भू-भागमा भारी हिमपात, हिमआँधी तथा हिमपहिरोको जोखिम रहेको महाशाखाले जनाएको छ ।

सम्भावित वर्षाका कारण धानबाली भित्र्याउनेकार्य प्रभावित हुनसक्ने भएकाले किसानलाई आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ । उच्च पहाडी तथा हिमाली क्षेत्रमा भ्रमण गर्ने पर्यटकलाई मौसमको अवस्था बुझेर मात्र यात्रा गर्न तथा प्रतिकूल मौसमका बेला सुरक्षित स्थानमा रहन आग्रह गरिएको छ ।

वर्षा र हिमपातका कारण चिसो बढ्नुका साथै बाढी, पहिरो, सडक अवरोध तथा हवाई यातायात प्रभावित हुनसक्ने भएकाले सर्व-साधारण र सम्बन्धित निकायलाई पूर्वतयारी गर्न महाशाखाले अनुरोध गरेको छ ।


# नीलकण्ठ नगरपालिका
## नगर खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन बोर्ड, धादिङ

### खुला प्रतिस्पर्धाबाट पदपूर्ति सम्बन्धी सूचना (VACANCY ANNOUNCEMENT)

(प्रकाशित मिति : २०८३/०७/१०)

यस बोर्डको स्वीकृत संगठन संरचना तथा कर्मचारी प्रशासन नियमावली अनुसार देहायको पदमा योग्य तथा इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ ।

**१. पद सम्बन्धी विवरण**

**पद** : लेखा तथा प्रशासन अधिकृत (Account and Admin Officer)
**तह** : अधिकृत स्तर (तह-छैठौं)
**पद संख्या** : १ (एक)
**सेवा/समूह** : प्रशासन/लेखा
**नियुक्तिको प्रकार** : करार
**रिपोर्टिङ** : कार्यकारी अध्यक्ष तथा निर्देशक (Executive Chairperson/Director)

**२. न्यूनतम शैक्षिक योग्यता**

मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य, वित्त वा सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

**प्राथमिकता :**
- स्थानीय तह, विकास आयोजना, NGO/INGO वा सार्वजनिक संस्थाको लेखा व्यवस्थापनमा अनुभव भएको ।
- सार्वजनिक खरिद प्रक्रिया, कर, VAT/TDS, बजेट तथा वित्तीय प्रतिवेदन सम्बन्धी ज्ञान भएको ।

**३. कार्य अनुभव**

सम्बन्धित क्षेत्रमा कम्तीमा १ वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ । प्रदेश, स्थानीय तह, NGO/INGO वा सार्वजनिक संस्थामा वित्तीय व्यवस्थापनको अनुभव भएको व्यक्तिलाई विशेष प्राथमिकता दिइनेछ ।

**४. उमेर सीमा** : दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**५. छनोट प्रक्रिया**

उम्मेदवारहरूको छनोट देहाय बमोजिम हुनेछ :
- प्रारम्भिक छनोट (Shortlisting)
- लिखित परीक्षा
- प्रयोगात्मक (Computer/Accounting Test)
- अन्तर्वार्ता

**६. आवश्यक कागजातहरू**

दरखास्तका साथ निम्न कागजातहरू पेश गर्नुपर्नेछ :
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्र तथा Transcript
- सम्बन्धित तालिम/व्यावसायिक प्रमाणपत्र
- कार्य अनुभव प्रमाणपत्र
- अद्यावधिक व्यक्तिगत विवरण (CV)
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो
- आवेदन शुल्क बुझाएको प्रमाण (बैंक भौचर)

**७. आवेदन शुल्क** : रू. १०००।- (अक्षरुपी एक हजार मात्र) सानिमा बैंक धादिङबेसी शाखामा रहेको बोर्डको खाता नं. -००४०१००१०००३१९८ जम्मा गरेको भौचर संलग्न ।

**८. आवेदन दिने तरिका**

इच्छुक उम्मेदवारहरूले बोर्डको कार्यालयमा उपस्थित भई वा बोर्डको इमेल : washneelakantha2082@gmail.com मार्फत आवेदन पेश गर्न सकिनेछ ।

**९.परीक्षा केन्द्र :** नीलकण्ठ नगरपालिका, खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्ड, धादिङ ।

**१०.पारिश्रमिक तथा सुविधा :** पारिश्रमिक तथा अन्य सुविधा बोर्डको कर्मचारी प्रशासन नियमावली बमोजिम हुनेछ ।

**११.दरखास्त बुझाउने अन्तिम मिति :** सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन, उक्त दिन सार्वजनिक बिदा भएमा त्यस पछि कार्यालय खुलेको पहिलो दिन सम्म ।

**१२. आवेदन तथा थप जानकारीका लागि :**
नगर खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन बोर्ड
नीलकण्ठ नगरपालिका, धादिङ, नेपाल
मोबाईल नं. ९८५१०९६५३८/९८५१०९६११६
इमेल : washneelakantha2082@gmail.com

*छनोट सम्बन्धी अन्तिम निर्णय बोर्डको हुनेछ ।*

(कार्यकारी अध्यक्ष)
नगर खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन बोर्ड
नीलकण्ठ नगरपालिका, धादिङ


# एनपिएल क्रिकेटः सुदूरपश्चिममाथि लुम्बिनीको जित

काठमाडौँ । नेपाल प्रिमियर लिग (एनपिएल) को उद्घाटन खेलमा लुम्बिनी लायन्सले सुदूरपश्चिम रोयल्सलाई हराउँदै प्रतियोगितामा सुखद् सुरुआत गरेको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट मैदानमा भएको खेलमा लुम्बिनी लायन्सले सुदूरपश्चिम रोयल्समाथि सात विकेटको जित निकालेको हो । सुदूरपश्चिमले जितको लागि दिएको ८८ रनको सामान्य लक्ष्य पच्छ्याएको साविक विजेता लुम्बिनीले ९ दशमलव ५ ओभरमा ३ विकेट गुमाएर पूरा गर्यो ।

लुम्बिनीको जितमा ओपनर डार्सी सर्टले सर्वाधिक ४० रन बनाए । उनले १८ बलमा ४ चौका र ३ छक्का प्रहार गर्दै ४० रन जोडेका हुन । त्यसैगरी आसिफ शेखले ३२ जोडे । निरोशन डिक्वेलाले ७ रन बनाए भने शमिम हुसेन एक तथा कप्तान रोहित पौडेल ५ रनमा अविजित रहे । बलिङतर्फ सुदूरपश्चिमका अनिल खरेलले दुई विकेट लिँदा कप्तान दीपेन्द्रसिंह ऐरीले एक विकेट झारे । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको सुदूरपश्चिम ले १७ दशमलव २ ओभरमा सबै विकेट गुमाउदै ८७ रन मात्र बनाएको थियो । सुदूरपश्चिमको लागि कप्तान दीपेन्द्रसिंह ऐरीले सर्वाधिक २७ रन जोडे । त्यसैगरी सैफ जैबले १३ रन जोड्दा अनिल खरेल १५ रनमा अविजित रहे । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । विनोद भण्डारीले ९ रन बनाउँदा इसान पाण्डेले ७ रन बनाए । बलिङतर्फ लुम्बिनी लायन्सका किशोर महतोले सर्वाधिक चार विकेट लिए ।

त्यस्तै सोमबारकै खेलमा शेर मल्लले तीन विकेट लिँदा साङ्ली भान शाल्कविक, रोहित पौडेल र तिलक भण्डारीले समान एक-एक विकेट लिए । आगामी मङ्सिर ५ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको उद्घटन प्रधानमन्त्री बालेन्द्र शाहले गर्नुभएको थियो । उक्त प्रतियोगिताको खेल हेर्न शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलसहित उच्च अधिकारीको उपस्थिति थियो ।

# कोदो खेती घट्दो, पिठोको माग उच्च

जुम्ला । पछिल्लो समयमा जिल्लामा कोदो खेती गर्नेको सङ्ख्या घट्ने क्रममा रहेको छ । बजारमा कोदोको पिठो उच्च माग बढे पनि खेती गर्नेको सङ्ख्या बिस्तारै घट्दै जाने क्रममा रहेको कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीले जानकारी दिनुभयो ।

कोदोको उत्पादन वृद्धि, खेती विस्तार तथा उपभोगलाई बढाउने लक्ष्यसहित यहाँका स्थानीय तहको ध्यान जान सकेको छैन । लोपोन्मुख बनेको कोदो खेतीलाई प्रवर्द्धन गर्न सम्बन्धित निकायको कुनै चासो नगएको तिला-१ राराका अगुवा किसान नर रावतको भनाइ छ । गाउँघरमा कोदो खेतीतर्फ किसानको आकर्षण बढेको छैन । तरकारी र नगदे बालीमा किसानले महत्व दिएर खेती गरिरहेका छन् । विशेषगरी यहाँको तिला, हिमा, सिंजा, पातारासी र तातोपानी गाउँपालिकामा कोदो खेती उत्पादन बढी हुने गरेको छ । पछिल्लो समयमा खेती गर्नेको सङ्ख्या घट्दै गएको तिला -५ का वडाध्यक्ष ललित शाहीले बताउनुभयो ।

हाल कोदोको पिठो प्रतिकेजी २०० ले बिक्री हुने गरेको छ । विशेषगरी आन्तरिक पर्यटकको रोजाइमा पर्न गएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com